श्री

फोन नं. ०८७४४०१२१

ईमेलः- info.dckalikot@supremecourt.gov.np

# कालिकोट जिल्ला अदालत

## मान्म, कालिकोट

मितिः- २०७८।०२।०२

सूचना !

नोवल कोरोना भाइस (कोभिड-१९) को नयाँ भेरियन्ट विश्वव्यापीरुपमा फैलिरहेको र नेपालमा पनि त्यसको संक्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले मिति २०७८।०१।०६ मा जनस्वास्थ्यसम्बन्धी विभिन्न मापदण्डसहितको आदेश जारी गरेको अवस्था तथा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८।०१।१४ मा जारी गरिएको प्रेस विज्ञप्ति एवं जिल्ला प्रशासन कार्यालय, कालिकोटबाट मिति २०७८।०१।१९ गते राति १२ बजेदेखि २०७८।०१।२६ गते राती १२ सम्मका लागि जारी भएको निषेधाज्ञा आदेशसमेतका आधारमा यस अदालतबाट प्रवाह गरिने सेवाहरुमा संकुचन ल्याउनुपर्ने अवस्था उत्पन्न भई मिति २०७८।०१।२० देखि २०७८।०१।२६ सम्म यस अदालतबाट प्रवाह गरिने सेवाहरुमा संकुचन ल्याउने गरी यस अदालतबाट मिति २०७८।०१।२० मा सूचना जारी गरिएकोमा पुनः जिल्ला प्रशासन कार्यालय कालिकोटबाट मिति २०७८।०१।२६ गते राती १२ बजेदेखी मिति २०७८।०२।०२ गते राती १२ बजेसम्मका लागि कालिकोट जिल्ला भरी नै अत्यावश्यक सेवा बाहेकका सबै सार्वजनिक सेवा बन्द गर्ने र आवागमनमा निषेध गर्ने गरी मिति २०७८।०१।२५ मा निषेधाज्ञाको आदेश जारी भएकोमा सो निषेधाज्ञा अवधिभर यस अदालतबाट प्रवाह गरिने सेवाहरुमा पूर्ववत रुपमा संकुचन गर्नुपर्ने देखिई यस अदालतको मिति २०७८।०१।२० को सूचना अनुसार नै हुने गरी निर्णय भएकोमा पुनः जिल्ला प्रशासन कार्यालय, कालिकोटबाट मिति २०७८।०२।०२ गते राती १२ बजेदेखी मिति २०७८।०२।०९ गते राती १२ बजेसम्मका लागि कालिकोट जिल्ला भरी नै अत्यावश्यक सेवा बाहेकका सबै सार्वजनिक सेवा बन्द गर्ने र आवागमनमा निषेध गर्ने गरी मिति २०७८।०२।०१ मा निषेधाज्ञाको आदेश जारी भएको सन्दर्भमा सो निषेधाज्ञा अवधिभर यस अदालतबाट प्रवाह गरिने सेवाहरुमा पूर्ववत रुपमा पुनः संकुचन गर्नुपर्ने देखिँएकोले यस अदालतको मिति २०७८।०१।२० को सूचना अनुसार नै हुने गरी आज मिति २०७८।०२।०२ देखि २०७८।०२।०९ सम्म तपसिल बमोजिम हुने गरी निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

श्री
फोन नं. ०८७४४०१२१
ईमेल:- info.dckalikot@supremecourt.gov.np

# कालिकोट जिल्ला अदालत

## मान्म, कालिकोट

तपसिल

१. निषेधाज्ञाको अवधि मिति २०७८।०१।०३ देखि २०७८।०२।०९ सम्म बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई गर्ने,

२. पक्राउ पूर्जी जारी गर्ने, जरुरी पक्राउ पूर्जीको समर्थन, कल डिटेल अनुमती, म्याद थप सम्वन्धी कार्य गर्ने,

३. अभियोगपत्र दर्ता गर्ने, अभियोगपत्रसाथ पेश भएका अभियुक्तहरुको बयान लिने, प्रहरीद्वारा पक्राउ परी आएका फरार प्रतिवादीहरुको बयान लिने र थुनछेक सम्वन्धी कार्य गर्ने,

४. घरेलु हिंसा सम्वन्धी फिरादपत्र दर्ता र सुनुवाई गर्ने,

५. माथि खण्ड (१), (२), (३) र (४) मा उल्लिखित काम कारवाही तथा सेवा वाहेक अन्य काम कारवाही तथा सेवा स्थगित गर्ने,

६. काम कारवाही तथा सेवा प्रवाह स्थगन भएको अवधिभर मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद म्याद र तारिख नगुज्रने,

७. निषेधाज्ञाको अवधि थप भएमा यसै सूचना बमोजिम हुने गरी यस सम्वन्धी व्यवस्थापकीय कार्यहरु अदालत प्रशासनले मिलाउने ।

प्रेमप्रकाश थापा
सेस्तेदार (उप-सचिव